# प्रदेश लोक सेवा आयोग
## कोशी प्रदेश,विराटनगर
### प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फ शिक्षा सेवा, शिक्षा प्रशासन समूह नवौं (९) तहको **खुला, अन्तर स्थानीय तह र आन्तरिक अन्तर सेवा** प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ :

भाग १- लिखित परीक्षा पूर्णाङ्क २००

भाग २- अन्तर्वार्ता पूर्णाङ्क ३०

**परीक्षा योजना (Examination Scheme)**

| पत्र | विषय | खण्ड | परीक्षा प्रणाली | प्रश्न संख्या | अङ्क भार | पूर्णाङ्क | समय | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन, व्यवस्थापन र सेवा सम्वन्धी सामान्य विषय | (क) प्रशासन र व्यवस्थापन | छोटो उत्तर | ८ | ८ x५ =४० अङ्क | ४० | १:१५ घण्टा | ४० |
| | | (ख) सेवा सम्वन्धी सामान्य विषय | लामो उत्तर विश्लेषणात्मक समीक्षा र समाधानमूलक उत्तर | २<br>२ | २x१० =२० अङ्क<br>२x२० =४० अङ्क | ६० | १:४५ घण्टा | |
| | | | | | | | | |
| द्वितीय | सेवा सम्वन्धी प्राविधिक विषय | | विश्लेषणात्मक लामो उत्तर | ४ | ४x१५= ६० अङ्क | १०० | ३ घण्टा | ४० |
| | | | विश्लेषणात्मक र समाधानमूलक उत्तर | २ | २ x२०= ४० अङ्क | | | |

**द्रष्टव्य :**

१. यस पाठ्यक्रम अनुसार दुई पत्रको लिखित परीक्षा लिइनेछ ।

२. प्रथम पत्र खण्ड (क) का लागि एउटा मात्र उत्तरपुस्तिका हुनेछ भने प्रथम पत्र खण्ड (ख) र द्वितीय पत्रका प्रत्येक प्रश्नका लागि छुट्टा छुट्टै उत्तरपुस्तिकाहरू हुनेछन। लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुबै हुन सक्नेछ ।

३. प्रश्नहरू यथासम्भव नेपालको सन्दर्भमा सोधिनेछन्।

४. समस्या समाधानको उत्तर आवश्यकता अनुसार निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नुपर्नेछ ।

(क) पहिलो भागमा समस्याको पहिचान।

(ख) दोस्रो भागमा समस्या समाधानका लागि मौजुदा सरकारी नीति र कार्यक्रम।

(ग) तेस्रो भागमा समस्या समाधानका लागि सुझाव।

(घ) चौथो भागमा सुझाव कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन नियमहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा समावेश भएको सम्झनु पर्दछ ।

६. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

**७. पाठ्यक्रम लागु मिति : २०८०/१२/२३**

## प्रथमपत्र खण्ड (क) प्रशासन र व्यवस्थापन — अङ्क- ४०

**1. राज्यव्यबस्था (Governance)**

- 1.1. राज्यव्यवस्थाका अङ्गहरु (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) र यी वीचको अन्तरसम्बन्ध (Inter-relationships among the branches of government-legislature, executive and judiciary)
- 1.2. नेपालको संविधान (Constitution of Nepal)
- 1.3. संघ, प्रदेश र स्थानीय तहको भूमिका, जिम्मेवारी र कार्य (Roles, responsibilities and functions of Federal, province and local level)
- 1.4. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ (Local government operation Act, 2074)
- 1.5. अन्तरतह सरकार व्यवस्थापन (IGM) (Inter- governmental Management)

**2. सार्वजनिक प्रशासन र व्यवस्थापन (Public Administration & Management)**

- 2.1. मानव पूँजी व्यवस्थापन (Human Capital Management)
- 2.2. सार्वजनिक प्रशासनको संगठनात्मक स्वरुप (Organizational Structure of Public Administration)
- 2.3. नेपालको सार्वजनिक प्रशासनः सुधारका प्रयास एवं चुनौतीहरु (Public Administration of Nepal: Reform, Efforts and Challenges)
- 2.4. व्यवस्थापनका अवधारणा, सिद्धान्त र नवीनतम प्रवृतिहरु (Concepts, Theories and contemporary trends of Management)
- 2.5. व्यवस्थापनका विविध पक्षहरुः नेतृत्व, उत्प्रेरणा, मनोबल निर्णय प्रक्रिया, संगठनात्मक व्यवहार र कार्य संस्कृति (Various aspects of management: leadership, Motivation, Morale, Decision making, Organizational behavior, Work Culture)
- 2.6. विपद व्यवस्थापन (Disaster Management),परिवर्तन व्यवस्थापन (Management of Change), संकट व्यवस्थापन (Crisis Management), द्वन्द व्यवस्थापन (Conflict Management), वार्ता तथा सम्झौता गर्ने सीपहरु (Negotiation & Agreement Skills)
- 2.7. सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्यांकन (Formulation, Implementation and Evaluation of Public Policy)
- 2.8. जवाफदेहिता, उत्तरदायित्व, सदाचार र नैतिकता (Accountability, Responsibility, Integrity and Ethics)

**3. विकासका आयामहरु (Dimensions of Development)**

- 3.1. विकासका अवधारणा र नवीनतम उपागम (Concepts and innovative approaches of Development)

3.2. आवधिक योजना (Periodic Plan) तथा कोशी प्रदेशको आवधिक योजना (Periodic Plan of Koshi Province)
3.3. दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG)
3.4. विकेन्द्रीकरण (Decentralization)
3.5. विकासमा गैरसरकारी संस्थाको भूमिका (Role of NGOs in Development)
3.6. आर्थिक उदारीकरण र नीजिकरण (Economic Liberalization and Privatization)
3.7. नेपालमा विकास सहयोग नीति (Development Cooperation Policy in Nepal)
3.8. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एव मूल्यांकन प्रक्रिया (Planning, Implementation, Monitoring and Evaluation Process)
3.9. आयोजना/परियोजना तर्जुमा र व्यवस्थापन (Project Planning and Management)

**4. लोकतन्त्र र मानव अधिकार (Democracy and Human Rights)**

4.1. लोकतन्त्र र समावेशीकरण (Democracy and Inclusion)
4.2. कानूनी राज्य (Rule of Law)
4.3. मानव अधिकार (Human Rights)
4.4. लैंगिक सवाल (Gender Issues)
4.5. आरक्षण र सकारात्मक विभेद (Reservation and Affirmative Discrimination)
4.6. प्रतिनिधित्वको सिद्धान्त र समानुपातिक प्रतिनिधित्व (Principle of Representation and Proportional Representation)

**5. नेपाली समाज र यसको बनोट (Nepalese Society and its Structure)**

5.1. नेपालका विविध जातजाति, वर्ग र समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्था र रहनसहन (Social, Economic, Cultural and Religious status and Lifestyle of different Casts, Class and Communities of Nepalese Society)
5.2. कोशी प्रदेशमा रहेका आदिवासी/जनजाति, महिला मधेसी, दलित, खस/आर्य, अपाङ्गहरुको वर्तमान अवस्था र उत्थानका प्रयासहरु (Current situation of Tribals, Women , Madheshi, Dalits, Khas/Arya, and Disabled and the efforts of their upliftment in Koshi Province)

## प्रथम पत्र, खण्ड (क)

### नमूना प्रश्नहरु

१. शक्ति पृथकीकरणको मान्यता अनुरुप व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको सम्बन्धमा नेपालको वर्तमान संविधानले गरेको व्यवस्था उल्लेख गर्नुहोस् । (५)

२. वर्तमान सन्दर्भमा सार्वजनिक प्रशासनमा देखिएका चुनौतीहरु उल्लेख गर्दै समाधानका उपायहरु उल्लेख गर्नुहोस् । (२.५+२.५)

३. विकासमा जनसहभागिता र दिगो विकास बिच अन्तर सम्बन्धलाई स्पष्ट पार्नुहोस् । (५)

प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश,विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फ शिक्षा सेवा, शिक्षा प्रशासन समूह नवौं (९) तहको **खुला, अन्तर स्थानीय तह र आन्तरिक अन्तर सेवा** प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## प्रथम पत्र खण्ड (ख) सेवा सम्बन्धी सामान्य विषय अङ्क- ६०

**1. निजामती सेवा र सार्वजनिक सेवा व्यवस्थापन सम्बन्धी (Civil service and related to public service management)**

1.1. निजामती सेवा ऐन,२०४९ र नियमावली,२०५०
1.2. प्रदेश निजामती सेवा ऐन,२०७९ (कोशी प्रदेश)
1.3. सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४
1.4. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली,२०७७
1.5. सार्वजनिक सेवा र शासकीय मामिला
1.6. सार्वजनिक सेवा प्रवाहमा सरकार, निजी क्षेत्र, समुदाय र नागरिक संस्थाको भूमिका
1.7. जनतामा प्रवाह गरिने सेवाहरु, सेवाको व्यवस्थापन, अवधारणात्मक पक्षहरु र स्थानीय स्तरमा जनतालाई सेवा प्रवाहका माध्यमहरु
1.8. संघ, प्रदेश र स्थानीय तहमा सरकारी सेवा संचालन सम्बन्धी नीतिगत व्यवस्था र क्षेत्राधिकार
1.9. राष्ट्रिय सुरक्षा व्यवस्थापन र नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरु
1.10. विपद व्यवस्थापन राष्ट्रिय रणनीति र विभिन्न निकायका भूमिका
1.11. नेपालमा सूचना प्रविधि विकासका सवालहरु
1.12. सार्वजनिक संस्थान व्यवस्थापनका सवालहरु
1.13. विविधता व्यवस्थापन र नेपालमा विविधता व्यवस्थापन नीति, रणनीति

**2. शिक्षा प्रणालीको व्यवस्थापन (Management of education system)**

2.1. वर्तमान शिक्षा ऐन र शिक्षा नियमावली
2.2. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ तथा नियमावली,२०७७
2.3. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५
2.4. विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०
2.5. विश्वविद्यालयहरुका ऐनहरु (औचित्य, उद्देश्य, संगठन, संरचना, प्रमुख विशेषताहरु)
2.6. प्रादेशिक विश्वविद्यालय सम्बन्धी ऐन र नियमावलीहरु
2.7. शिक्षासँग सम्बन्धित नीतिगत व्यवस्थाहरु

**3. प्रादेशिक शिक्षा ऐन र नियामावली (Provincial Education Act and Regulation)**

3.1. चालु आवधिक योजना र प्रादेशिक आवधिक योजनामा शिक्षा, युवा तथा खेलकुद, कला, साहित्य, भाषा, सस्कृति र पुरातत्त्व
3.2. शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान तथा नवप्रवर्तन नीति, २०७६
3.3. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा र शिक्षा सम्बन्धी लक्ष्य, सूचक र दिगो विकास लक्ष्यको स्थानीयकरण र प्रादेशिकरण

**4. शिक्षा सम्बन्धी मुख्य कार्यक्रमहरु (Major educational programs)**

4.1. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र TVET Sector Strategic Plan- TSSP

4.2. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा संचालित कार्यक्रमहरु (उद्देश्य, लक्ष्य, कार्यक्रम, क्षेत्र तथा लक्ष्याङ्क)

4.3. उच्च शिक्षाको क्षेत्रमा संचालित कार्यक्रमहरु (उद्देश्य, लक्ष्य, कार्यक्रम, क्षेत्र तथा लक्ष्याङ्क) (Programs conducted in the field of higher education (objectives, goals, programs, areas and targets)

## प्रथम पत्र, खण्ड (ख)

### नमूना प्रश्नहरु

१. दिगो विकास लक्ष्यले अंगीकार गरेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षाको लक्ष्यको परिप्रेक्ष्यमा नेपालमा संचालन भइरहेको विद्यालय क्षेत्र विकास योजना अन्तगर्तका लक्ष्यहरुको समीक्षा गर्दै विगतका अनुभवबाट पहिचान गरिएका व्यवधानहरु र यसका निराकरणका उपायहरु प्रस्तुत गर्नुहोस् । (३+३+४)

२. नेपालको वर्तमान अवस्थामा उच्च शिक्षाको सन्दर्भमा देखिएका प्रमुख समस्याहरुको विश्लेषण गर्दै ती समस्याहरु समाधान गर्न सरकार एवं विश्व विद्यालय तहवाट चाल्नु पर्ने कार्यान्वयन योग्य कदमहरु प्रस्तुत गर्नुहोस् । (१०)

३. नेपालको शिक्षा क्षेत्रमा एका तर्फ बजेटको प्रतिशत घट्दै गइरहेको र अर्को तर्फ उपलब्ध श्रोत साधनको पनि समुचित प्रयोग नभएको सन्दर्भमा शैक्षिक उपलब्धी अपेक्षा अनुरुप हुन नसकेको गुनासो सुनिने गरेको अवस्थामा शिक्षा क्षेत्रमा सरकारको लगानीको स्वरुप, उपलब्ध श्रोत साधनको उपयोग सम्बन्धमा देखिएका समस्याहरुको पहिचान, मौजुदा नीतिको विश्लेषण गर्दै समाधानको लागि ठोस कार्य योजना सहित सुझाव प्रस्तुत गर्नुहोस् । (२०)

प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश,विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फ शिक्षा सेवा, शिक्षा प्रशासन समूह नवौं (९) तहको **खुला, अन्तर स्थानीय तह र आन्तरिक अन्तर सेवा** प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

# द्वितीय पत्र- सेवा सम्बन्धी प्राविधिक विषय

1. **Educational Planning and Policies.** (शैक्षिक योजना र नीतिहरू)
   - 1.1 Concept of plan and educational planning.(योजना र शैक्षिक योजनाको अवधारणा)
   - 1.2 Prospect of educational Planning. (शैक्षिक योजनाको सम्भावना)
   - 1.3 Issues and challenges of educational planning. (शैक्षिक योजनाका सवाल र चुनौतीहरु)
   - 1.4 Formulation of educational policies. (शैक्षिक नीतिहरुको तर्जुमा)
   - 1.5 Analysis of educational policies vis 'a vis the issues. (शैक्षिक नीतिहरुको विश्लेषण विरुद्धका सवालहरु)
   - 1.6 Different approaches, tools and techniques of educational planning. (शैक्षिक योजनाका विभिन्न दृष्टिकोण, साधन र प्रविधिहरु)
   - 1.7 Issues and challenges of educational planning (expanding access, improving quality and enhancing efficiency of the system.) शैक्षिक योजनाका सवाल र चुनौतीहरु (पहुँच विस्तार,गुणस्तर सुधार र प्रणालीगत दक्षता अभिवृद्धि)
   - 1.8 Assessment trends of Educational Policy implementation. (शैक्षिक नीति कार्यान्वयनको प्रवृत्ति मूल्याङ्कन)
   - 1.9 Educational Management and Information System. (शैक्षिक व्यवस्थापन र सूचना प्रणाली)
   - 1.10 Issues related to educational policies. (शैक्षिक नीतिहरुसँग सम्बन्धित सवालहरु)
2. **School curriculum and assessment** (विद्यालयको पाठ्यक्रम र मूल्याङ्कन)
   - 2.1 Principles of curriculum development (पाठ्यक्रम विकासका सिद्धान्तहरु)
   - 2.2 Issues associated with curriculum development (inclusion of local elements and language policy) (पाठ्यक्रम विकाससँग सम्बन्धित सवालहरुः स्थानीयताको समावेशिकरण र भाषा नीति)
   - 2.3 Design, development and delivery of curricular materials (पाठ्यक्रम सामग्रीको ढाँचा, विकास र प्रसारण)
   - 2.4 Instructional Design and Management (शैक्षणिक ढाँचा र व्यवस्थापन)
   - 2.5 Approaches and practices of assessing student achievement (विद्यार्थी उपलब्धि मुल्याङ्कनका पद्धति र अभ्यासहरु)
   - 2.6 Problems and issues associated with the management of examinations (परीक्षा व्यवस्थापनसँग सम्बन्धित समस्या र चुनौतिहरु)

3. **Teacher Management and Development** (शिक्षक व्यवस्थापन र विकास)
   - 3.1 Planning for teacher requirement (शिक्षक आवश्यकताको योजना)
   - 3.2 Teacher personnel management. (शिक्षक कर्मचारी व्यवस्थापन)
   - 3.3 Teacher licensing its practices (अध्यापन अनुमति सम्बन्धी अभ्यास)
   - 3.4 Different models and practices of promotion and career development of teacher. (शिक्षकककको पदोन्नति र पेशागत विकासका नमुना र अभ्यासहरू)
   - 3.5 Approaches to teacher training and professional development (शिक्षक तालिम र पेशागत विकासका दृष्टिकोणहरू)
   - 3.6 Teacher management issues in the context of decentralized management of education (शिक्षाको विकेन्द्रीकृत व्यवस्थापनको सन्दर्भमा शिक्षक व्यवस्थापनका समस्याहरू)
4. **School Governance**. **(विद्यालय सुशासन)**
   - 4.1 Concept of school governance. (विद्यालय सुशासनको अवधारणा)
   - 4.2 Centralized and decentralized school governance. (केन्द्रिकृत र विकेन्द्रीकृत विद्यालय शासन)
   - 4.3 Theoritical prespective of School based management. (विद्यालयमा आधारित व्यवस्थापन प्रणालीको सैद्धान्तिक दृष्टिकोण)
   - 4.4 New vision of school-based management. (विद्यालय व्यवस्थापनको नवीनतम दृष्टिकोण)
   - 4.5 Application of school-based management. (विद्यालयमा आधारित व्यवस्थापनको प्रयोग)
   - 4.6 Modalities for stakeholder participation in school management (विद्यालय व्यवस्थापनमा सरोकारवालाको सहभागिताका नमुनाहरु)
5. **Financing in Education** **(शिक्षामा लगानी)**
   - 5.1 Approaches of financing in education system. (शिक्षा प्रणालीमा लगानीका दृष्टिकोण)
   - 5.2 Cost-sharing and Resource targeting to the special needs-groups. (विशेष आवश्यकता भएका समूहका लागि स्रोत बाँडफाँड र लगानी)
   - 5.3 Trends and modality of financing of school education in Nepal. (नेपालमा विद्यालय शिक्षामा लगानी प्रवृत्ति र तरिका)
   - 5.4 Critical issues on financing modality. (वित्तीय व्यबस्थापनका महत्वपूर्ण सवालहरु)

5.5 Private sector involvement in education and its implications (शिक्षामा निजी क्षेत्रको संलग्नता र यसको प्रयोग)

5.6 Support of development partners in education. (शिक्षामा विकास साझेदारहरूको सहयोग)

5.7 Project based funding and its implications.(परियोजनामा आधारित लगानी र यसको प्रभाव)

5.8 Priorities for resource allocations among different sub-sectors of education. (शिक्षाका विभिन्न क्षेत्रहरूमा स्रोत विनियोजनका आधारहरू)

6. **Higher education and its management. (उच्च शिक्षा र यसको व्यवस्थापन)**

6.1 Human-resource requirement and roles of higher education. (मानव संसाधन आवश्यकता र यसमा उच्च शिक्षाको भूमिका)

6.2 Issues associated with the management of higher education-Quality/ Relevance, Access/Equity and Efficiency. (उच्च शिक्षाको व्यवस्थापनसँग सम्बन्धित सवालहरू- गुणस्तर/सान्दर्भिकता, पहुँच/समता र दक्षता)

6.3 Dynamics of autonomy and accountability in the management of higher education. (उच्च शिक्षाको व्यवस्थापनमा स्वायत्तता र जवाफदेहिता)

6.4 Modalities of public-private partnership in higher education. (उच्च शिक्षामा सरकारी र निजी साझेदारीको ढाँचा)

6.5 Models of university education (deemed, open, affiliation) विश्वविद्यालय शिक्षाका प्रकार (मानित, खुला सम्बन्धन प्राप्त)

7. **Management of Technical and vocational Education and Training (TVET)** (प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको व्यवस्थापन)

7.1 Assessment of human-resource requirement in technical and vocational education. (प्राविधिक तथा व्यावसायिक शिक्षामा मानव संसाधन आवश्यकताको मूल्याङ्कन)

7.2 Technical education and employment promotion. (प्राविधिक शिक्षा र रोजगारी प्रवर्द्धन)

7.3 Poverty alleviation and vocational training. (व्यावसायिक तालिम र गरिबी न्यूनीकरण)

7.4 Management of TVET. (TVET को व्यवस्थापन)

7.5 Design and delivery of TVET. (TVET को ढाँचा र प्रवाहको तरिका)

7.6 Financing of TVET. (TVET को वित्तीय ब्यवस्थापन)

7.7 Partnership with private sector in the provision of TVET. (TVET व्यवस्थापनमा निजी क्षेत्रसँग साझेदारी)

7.8 Issues associated with the management of TVET. (TVET को व्यवस्थापन संग सम्बन्धित सवालहरु)

7.9 Role of technical university. (प्राविधिक विश्वविद्यालयको भूमिका)

8. **Management of Non-Formal Education (अनौपचारिक शिक्षाको व्यवस्थापन)**

8.1 Concept and Approaches to Non-Formal Education (अनौपचारिक शिक्षाको अवधारणा र दृष्टिकोण)

8.2 NFE program and its link with poverty alleviation and people empowerment. (मानवीय सशक्तिकरण र गरिबी न्यूनीकरणमा अनौपचारिक शिक्षाको सम्बन्ध)

8.3 Community Learning Centre (CLC) and its contributions for community development. (सामुदायिक विकास केन्द्र (CLC) र सामुदाय विकासको लागि यसको योगदान)

8.4 Lifelong learning. (जीवनपर्यन्त शिक्षा)

8.5 Modalities in the delivery of NFE. (अनौपचारिक शिक्षा वितरणको ढाँचा)

8.6 Use of Media in the delivery of NFE. (अनौपचारिक शिक्षामा सञ्चार माध्यमको प्रयोग)

8.7 Role of central, province and local government, NGOs/CBOs and local community in the management of NFE. (NFE को व्यवस्थापनमा संघ, प्रदेश, स्थानीय तह, NGOs/CBOs र स्थानीय समुदायको भूमिका)

8.8 Issues associated with the management of NFE. (NFE को व्यवस्थापन संग सम्बन्धित सवालहरु)

9. **Quality and efficiency in the delivery of educational services (शैक्षिक सेवाहरूको वितरणमा गुणस्तर र दक्षता)**

9.1 Perspectives of quality education and efficiency in the provision of educational services
(शैक्षिक सेवाहरूको प्रावधानमा गुणस्तरीय शिक्षा र दक्षताको दृष्टिकोण)

9.2 Dimension of diversity in education (Gender, Ethnicity, Language, Culture and Economy). शिक्षामा विविधताको आयाम (लिङ्ग, जातीय, भाषा, संस्कृति र अर्थतन्त्र)

9.3 Mechanism for improving quality education (Supervision, Monitoring, Follow up support) शिक्षामा गुणस्तर सुधार गर्ने प्रणालीहरु (पर्यवेक्षण, अनुगमन, अनुगमन सहयोग)

- 9.4 Structural diversity and mechanism for managing it in education. (शिक्षामा संरचनात्मक विविधता व्यबस्थापनका संयन्त्र)
- 9.5 Diversity challenges for policy maker. (नीति निर्माताका लागि चुनौतीका रुपमा विविधता)

10. **Research and development in education**. (शिक्षामा अनुसन्धान र विकास)
    - 10.1 Different approaches to educational research. (शैक्षिक अनुसन्धानको लागि विभिन्न दृष्टिकोणहरु)
    - 10.2 Purposes of research in education. (शिक्षामा अनुसन्धानको औचित्य)
    - 10.3 Use of research in policy formulation, planning and program development. (नीति निर्माण, योजना र कार्यक्रम विकासमा अनुसन्धानको प्रयोग)
    - 10.4 Role of educational research in bringing innovation in educational programs. (शिक्षामा नवप्रवर्तनका लागि शैक्षिक अनुसन्धानको भूमिका)
    - 10.5 Assessment of findings and implementation of national research studies in education sector. (शिक्षा क्षेत्रमा राष्ट्रिय अध्ययन, अनुसन्धानको निष्कर्ष र कार्यान्वयनको मूल्याङ्कन)
11. **Enhancing institutional capacity for effective service delivery (प्रभावकारी सेवा प्रवाहका लागि संस्थागत क्षमता अभिवृद्धि)**
    - 11.1 National education management system. (राष्ट्रिय शिक्षा व्यवस्थापन प्रणाली)
    - 11.2 Assessment of effectiveness of existing institutional arrangement (विद्यमान संस्थागत व्यवस्थाको प्रभावकारिता मूल्याङ्कन)
    - 11.3 Effective utilization of institutional capacity. (संस्थागत क्षमताको प्रभावकारी उपयोग)
    - 11.4 Requirement and models of Human resource development. (मानव संसाधन विकासको आवश्यकता र नमुनाहरु)
    - 11.5 Sustainability in institutional arrangement and human resource development. (संस्थागत व्यवस्था र मानव संसाधन विकासमा दिगोपन)
12. **Recent trends in education**. **(शिक्षामा हालको प्रवृत्ति)**
    - 12.1 Democracy and education. (लोकतन्त्र र शिक्षा)
    - 12.2 Equality of educational opportunity and results (शैक्षिक अवसर र परिणामको समानता)
    - 12.3 Global perspectives in education (Diversity education, peace education, human Value Based Education, tolerance, etc.) शिक्षामा विश्वव्यापी परिप्रेक्ष्य (विविधता शिक्षा, मानवमूल्य शिक्षा, शान्ति शिक्षा, सहिष्णुता, इत्यादि

12.4 Promotion of local knowledge and local technology. (स्थानीय ज्ञान र प्रविधिको प्रवर्द्धन)

12.5 Localization of educational management (Establishing school-community bond) शैक्षिक व्यवस्थापनको स्थानीयकरण (विद्यालय-सामुदायिक सम्बन्ध स्थापना)

12.6 Modern technology in education (ICT and AI). (शिक्षामा आधुनिक प्रविधि)

12.7 School emergency management planning and preparation. (विद्यालय आपतकालीन व्यवस्थापन योजना र तयारी)

13. **Crosscutting issues in education.** (शिक्षामा अन्तर सम्बन्धित सवालहरु)

13.1 Gender in education. (शिक्षामा लैङ्गीकता)

13.2 Child right and education. (बाल अधिकार र शिक्षा)

13.3 Poverty alleviation and education. (गरिबी निवारण र शिक्षा)

13.4 Special Needs Education. (विशेष आवश्यकता शिक्षा)

13.5 All-round development of children and provision of ECD programs. (बालबालिकाको सर्वाङ्गिण विकास र ECD कार्यक्रमहरूको प्रावधान)

13.6 Participation of females and special need-groups in educational management. (शैक्षिक व्यवस्थापनमा महिला र विशेष आवश्यकता समूहहरूको सहभागिता)

13.7 Open and distance Learning. (ODL) (खुला र दूर शिक्षा)

13.8 Education and Sports: Holistic personality development. (शिक्षा र खेलकुदः समग्र व्यक्तित्व विकास)

13.9 Civic Education. (नागरिक शिक्षा)

प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश,विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फ शिक्षा सेवा, शिक्षा प्रशासन समूह नवौं (९) तहको **खुला, अन्तर स्थानीय तह र आन्तरिक अन्तर सेवा** प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## नमूना प्रश्नहरु

## विश्लेषणात्मक प्रश्न

१. स्थानीय तहको पाठ्यक्रम बनाउदा समावेश गर्नुपर्ने महत्वपूर्ण शीर्षकहरु उल्लेख गर्दै स्थानीय तहको पाठ्यक्रम निर्माण गर्दा देखिएका समस्याहरु र समाधानका उपायहरु उल्लेख गर्नुहोस्। (५+५+५)

## विश्लेषणात्मक र समाधानमूलक प्रश्न

१. नेपालको संविधानमा शिक्षा सम्बन्धी अधिकारको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा तहगत रुपमा गरिएको छ। संविधानसँग बाँझिएका कानून संघीय संसदले बाझिएको हदसम्म स्वतः अमान्य हुने संवैधानिक व्यवस्था छ। नेपालको संविधान जारी भए पश्चात स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भएको छ भने शिक्षा ऐन,२०२८ मा संशोधन भए पनि उपयुक्त संवैधानिक व्यवस्थालाई सम्बोधन गरेको देखिदैन। शिक्षा ऐन, २०२८ ले प्रत्येक जिल्लामा शिक्षा कार्यालय र प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय निर्देशनालयको व्यवस्था गरेको थियो । हाल प्रत्येक जिल्लामा संघ अन्तर्गत "शिक्षा समन्वय इकाई" र प्रदेश अन्तर्गत " शिक्षा विकास निर्देशनालय" क्रियाशिल छन् । यो वन्दोवस्ती कानून नभई कार्यकारिणी निर्णय बमोजिम गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ ले शिक्षा सम्बन्धि अन्य कामको अतिरिक्त सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान र माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन सम्बन्धी अधिकार स्थानीय तहलाई सुम्पिएको छ। शिक्षा ऐन, २०२८ ले वाल कक्षा देखि कक्षा-८ सम्मको शिक्षालाई आधारभूत र कक्षा-९ देखि कक्षा-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेको छ। हाल प्रत्येक स्थानीय तहले आफू मातहत शिक्षा शाखा स्थापना गरी कार्यान्वयन गर्दै आएका छन्। त्यस्तै केन्द्रमा शिक्षक सेवा आयोग रहेको छ जसको जिम्मेवारी सामुदायिक विद्यालयमा रिक्त शिक्षकको पदपूर्ति गर्नु रहेको छ ।

सामुदायिक विद्यालयहरु प्रत्येक स्थानीय तहका विभिन्न वडा तहहरु सम्म फैलिएका छन्। विद्यालय संचालन सम्बन्धी कतिपय निर्णयहरु तत्कालै लिनु पर्ने हुन्छ भने शैक्षिक गुणस्तर, परीक्षा प्रणाली,पाठ्यक्रम र शिक्षक पदपूर्ति सम्बन्धी कार्यहरुको निर्णय एकरुपताको लागि पनि अलि ठूलो भौगोलिक क्षेत्रलाई समेटेर लिनु पर्ने हुन सक्दछ।हाल प्रत्येक तहमा "शिक्षा शाखा" र जिल्ला स्तरमा "शिक्षा विकास समन्वय इकाई" रहेको सन्दर्भमा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी निम्न कार्यहरुको सम्पादनमा अस्पष्टता रहेको देखिन्छ ।

क) विद्यालय संचालनको लागि रिक्त पदमा अस्थायी नियुक्ति

ख) रिक्त शिक्षक पदको विवरण संकलन, Compile र शिक्षक सेवा आयोगमा पठाउने कार्य कसले गर्ने ?

ग) शिक्षक सेवा आयोगको सिफारिस बमोजिम स्थायी नियुक्ति दिने निकाय कुन हो ?

घ) रिक्त शिक्षक पदमा सरुवा (स्थानीय स्तर, जिल्ला स्तर, प्रदेश स्तर)

ङ) बिषयगत शिक्षक दरवन्दी मिलान

च) शिक्षकहरुको बढुवा र पदस्थापना सम्बन्धी कार्य

विज्ञहरुले हाल शिक्षा क्षेत्रमा संक्रमणकाल रहेको बताउने गरेका छन्।संविधानको भावना बमोजिम कानून, कानून बमोजिम कार्य नभएको र मुद्धा मामिला, झै झमेला बढ्दै गएको बताउँछ। नेपाल शिक्षा सेवाका कर्मचारीहरु नै स्थानीय, प्रदेश र संघमा कार्यरत रहेका छन्।तर जो जहाँ कार्यरत छ,उसले सोही तहलाई नै प्राथमिकता दिई आफ्नो धारणा प्रस्तुत गर्ने गरेको गुनासो समेत रहेको पाइन्छ ।

प्रस्तुत पृष्ठभूमिमा तपाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव श्रोत केन्द्रको उपसचिव पदमा कार्यरत रहेको भए सामुदायिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन सम्बन्धी कार्यलाई प्रचलित कानूनको भावना बमोजिम विभिन्न तहमा के-कसरी विभाजन गर्नु हुन्छ? सो को लागि के-कस्तो निर्णय कुन कुन तहबाट लिनुपर्ने हुन्छ ? सो सम्बन्धमा देखिएका समस्याको पहिचान, उपाय र कार्यान्वयन योग्य कार्य योजना प्रस्तुत गर्नुहोस्। (२०)